**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः १४ दिसम्बर २०२५

समयः १८:५० - १९:०० बजे

## मुख्य समाचार

- राष्ट्रपति द्रौपदी मुर्मुले आज ऊर्जा संरक्षण दिवसको अवसरमा ऊर्जा संरक्षण अब केवल एउटा विकल्प मात्र नरहेर, वर्तमान समय को आवश्यकता रहेको बताउनुभएको छ।
- फुटबल स्टार लियोनल मेसीको आगमनलाई लिएर हिज कोलकाताको सल्टलेक स्थित युवभारती स्टेडियममा भएको अव्यवस्थापछि आज बिहान राज्यका राज्यपाल साथै गठन गरिएको जाँच समितिले स्टेडियमको निरीक्षण गरेको छ।
- दार्जिलिङका सांसद राजु बिष्टाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले उल्लेखनीय प्रगति गरेको बताउनुभएको छ।
- दार्जिलिङ हिल असंगठित श्रमिक वेलफेयर एशोसिएसनको प्रथम स्थापना दिवसको अवसरमा जीटीएका मुख्य कार्यपाल अनित थापाले संस्थाको भूमिकालाई महत्त्वपूर्ण बताउनुभएको छ।
- दार्जिलिङ हिल म्याराथन २०२५ आज सम्पन्न भएको छ।

## राष्ट्रपति- ऊर्जा सरंक्षण दिवस

राष्ट्रपति द्रौपदी मुर्मुले आज ऊर्जा संरक्षण दिवसको अवसरमा नयाँ दिल्लीमा राष्ट्रीय ऊर्जा संरक्षण पुरस्कार अनि ऊर्जा संरक्षण-2025 मा राष्ट्रीय चित्रकारी प्रतिस्पर्धाका विजेताहरुलाई सम्मानित गर्नुभयो। समारोहलाई सम्बोधन गर्नुहुँदै राष्ट्रपतिले ऊर्जा संरक्षण अब केवल एउटा विकल्प मात्र नरहेर, वर्तमान समयको आवश्यकता रहेको बताउनुभयो। राष्ट्रपति मुर्मुले भन्नुभयो कि बचत गरिएको ऊर्जाको प्रत्येक एकाई प्रकृति प्रति जिम्मेदारीको भावनालाई प्रदर्शित गर्दछ। यो भविष्यको लागि संवेदनशीलता अनि ध्यानको पनि परिचायक हो। राष्ट्रपति मुर्मुले भन्नुभयो कि भारतले ऊर्जा संरक्षण अनि स्वच्छ ऊर्जा परिवर्तनको क्षेत्रमा महत्वपूर्ण कदम उठाएको छ। श्रीमति मुर्मुले भन्नुभयो निर्धारित समय सीमा अघि भारतले आफ्नो स्वच्छ ऊर्जा वचनबद्धताहरुलाई पुरा गरेको छ। यो उन्नत ऊर्जा दक्षता अनि डी-कार्बोनाइजेशनको दिशामा महत्वपूर्ण उपलब्धि रहेको पनि राष्ट्रपतिले बताउनुभयो। ऊर्जा दक्षतामा राष्ट्रको उपलिब्धीहरुलाई दर्शाउन अनि ऊर्जा संरक्षणको महत्वलाई लिएर जागरुकता बढ़ाउनकालागि प्रति वर्ष आजको दिन उर्जा दिवस मनाइन्छ।

## मेसी-जाँच समिति

फुटबल स्टार लियोनल मेसीको आगमनलाई लिएर हिज कोलकाताको सल्टलेक स्थित युवभारती स्टेडियममा भएको अव्यवस्थापछि आज बिहान सेवानिवृत्त न्यायाधीश असीम कुमार रायको नेतृत्वमा गठन गरिएको जाँच समितिले स्टेडियमको निरीक्षण गरेको छ। यस क्रममा राज्यपाल सी.भी. आनन्द बोस पनि स्थलमा पुग्नुभएको थियो।

*हिज शनिबार मेसीलाई हेर्न आएका दर्शकहरूले टिकट किने तापनि मेस्सीलाई हेर्न नपाएपछि युवभारतीमा तोडफोड भएको थियो। यस घटनापछि आयोजकहरूमाथि ठगीको आरोप लागेको छ। घटनापछि मुख्यमन्त्री ममता बनर्जीले सामाजिक सञ्जालमार्फत मेसी र दर्शकहरूसँग माफी माग्दै जाँच समिति गठन गर्नुभएको थियो। आज बिहान जाँच समिति युवभारती मैदान पुगेको थियो। समितिमा मुख्य सचिव मनोज पन्त, गृह सचिव नन्दिनी चक्रवर्ती, खेल सचिव राजेश सिन्हालगायत उच्च अधिकारीहरू सहभागी थिए। साथै विधाननगरका पुलिस आयुक्त मुकेश र उप–पुलिस आयुक्त अनिल सरकारको पनि उपस्थिति रहेको थियो। समितिले विधाननगर पुलिससँग मिलेर मैदानको अवस्था निरीक्षण गर्दै भिडियो रेकर्डिङसमेत गरेको जनाइएको छ। जाँच समितिले आगामी दुई सप्ताहभित्र प्रतिवेदन पेश गर्ने जानकारी दिएको छ। पछिबाट राज्यपाल सी.भी. आनन्द बोसले पनि युवभारती मैदानको निरीक्षण गर्नुभयो। उहाँले आज लामो समयसम्म स्टेडियमको अवस्था अवलोकन गरेका छन्। यस अघि राज्यपालले यस घटनाको लागि आयोजकहरू मात्र होइन, पुलिस प्रशासनको असफलता पनि जिम्मेवार रहेको बताएका थिए। यस अघि पुलिसले हिज सॉल्ट लेक युवा भारती स्टेडियममा मेस्सी को कार्यक्रम को आयोजक सतद्रु दत्ता लाई दुइ घंटाको लागि सोधपूछ पछि गिरफ्तार गरेको थियो।*

**राजू विष्ट-प्रगति**

दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टीका राष्ट्रिय प्रवक्ता राजु बिष्टाले एउटा प्रेस विज्ञप्ति जारी गरी, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतले विगत वर्षहरूमा उल्लेखनीय प्रगति गरेको बताउनुभएकोछ। श्री विष्टले हाल भारत विश्वको चौथो ठूलो अर्थतन्त्र बनेको उल्लेख पनि गर्नुभयो। विगत एक दशकमा २५ करोडभन्दा बढी नागरिक पूर्ण गरिबीको अवस्थाबाट बाहिर निस्किएको र यो विश्वकै सबैभन्दा छिटो गरिबी न्यूनीकरण प्रयासहरूमध्ये एक भएको विज्ञप्तिमा श्री विष्टले उल्लेख गर्नुभएको छ। पूर्वाधार, शिक्षा र स्वास्थ्य क्षेत्रमा भएका ठूला लगानीहरूले देशको कनेक्टिभिटी सुदृढ बनाउनुका साथै लाखौँ रोजगारी सिर्जना भएको पनि सांसद विष्टले बताउनुभएको छ।

**सांसद-खेल-महोत्सव**

नक्सलबाड़ीमा 12 दिवसीय सांसद खेल महोत्सवको हिज शनिवारदेखि आयोजन गरिएको छ। दार्जीलिंग लोकसभा क्षेत्रका सांसद राजू बिष्टको पहलमा यस खेल महोत्सवको शुरुआत नक्सलबाड़ीबाट भएको छ। हिज नक्सलबाड़ी आदिवासी मैदानमा खेल महोत्सव अन्तर्गत म्यूजिकल चेयर, दौड़ अनि टग अफ वार अर्थात रस्साकशी जस्ता प्रतियोगिताहरु आयोजित गरियो। उहाँले यस वर्ष पहिलो पटक आयोजित गरिएको यस खेल महोत्सवमा लगभग 1000 प्रतिभागीले भाग लिएको बताउनुभयो। उहाँले यस आयोजन को मुख्य उद्देश्य युवाहरुलाई नशामुक्त राख्न अनि खेलको माध्यमबाट स्वयं एवं समाजलाई स्वस्थ राख्ने संदेश दिन रहेको बताउनुभयो। सांसदले हालसम्म लगभग 20 हजार प्रतियोगले यस खेल महोत्सवमा भाग लिनकालागि पंजीकरण गराइसकेको पनि बताउनुभयो। यो सांसद खेल महोत्सव आगामी 25 दिसंबरको दिन संपन्न हुनेछ।

**राजू- खेल महोत्सव**

दार्जिलिङका सांसद तथा भारतीय जनता पार्टीका राष्ट्रिय प्रवक्ता राजु बिष्टाले हिज देखि सञ्चालन भइरहेको सांसद खेल महोत्सव २०२५ को दोस्रो दिन आज सिलगडीमा आयोजना भएको टेबल टेनिस र ब्याडमिन्टन प्रतियोगितामा सहभागी युवा खेलाडीहरूसँग आफुले भेटघाट तथा संवाद गरेको बताउनुभएको छ।

*रनिन्द्र सरानीस्थित तुफानी संघमा आयोजित टेबल टेनिस प्रतियोगितामा दार्जिलिङ लोकसभा क्षेत्रभरिबाट २०० भन्दा बढी खेलाडीहरूको सहभागिता रहेको थियो। यस क्षेत्रले टेबल टेनिस खेलमा समृद्ध परम्परा बोकेको तथा अर्जुन अवार्ड प्राप्त खेलाडी मन्तु घोष तथा सबैभन्दा सानो राष्ट्रिय च्याम्पियन तथा ओलम्पियन सौम्यजीत घोषजस्ता राष्ट्रिय स्तरका खेलाडीहरू उत्पादन गरेको श्री विष्टले बताउनुभयो। यसरी नै, हाकिमपाडास्थित बाघाजतिन क्लबमा आयोजित ब्याडमिन्टन च्याम्पियनसिपमा १०० भन्दा बढी युवा खेलाडीहरूले आफ्नो प्रतिभाको प्रदर्शन गरेका थिए। राजु बिष्टाले क्षेत्रका युवाहरूमा देखिएको खेलप्रतिको उत्साहलाई सराहना गर्दै, यसले माननीय प्रधानमन्त्री नरेन्द्र मोदीको 'फिट इन्डिया' र 'नशा मुक्त भारत' सम्बन्धी दूरदर्शी लक्ष्यहरूलाई अघि बढाउन योगदान पुऱ्याइरहेको बताउनुभएको छ। यसको साथै प्रतियोगितामा सहभागी सबै खेलाडी, प्रशिक्षक, अभिभावक तथा स्वयंसेवकहरूलाई सांसद खेल महोत्सवलाई सफल बनाएकोमा सांसद विष्टले धन्यवाद तथा बधाई दिनुभएको छ।*

**श्रमिक वेलफेयर**

दार्जिलिङ हिल असंगठित श्रमिक वेलफेयर एशोसिएसनको प्रथम स्थापना दिवसको अवसरमा जीटीएका मुख्य कार्यपाल अनित थापाले श्रमिक हितलाई केन्द्रमा राख्दै संस्थाको भूमिकालाई महत्त्वपूर्ण भएको बताएको छ। उहाँले यस संस्था सरकारको श्रम विभाग र पहाडका असंगठित मजदुरहरूबीच सशक्त पुलको रूपमा काम गरेको उल्लेख गर्दै, दैनिक ज्यालादारी गरेर परिवारको पालनपोषण गर्ने श्रमिकहरूलाई सरकारी सामाजिक सुरक्षा, बीमा, पेन्सन, स्वास्थ्य तथा मातृत्व सहायता योजनासँग जोड्नु संस्थाको गठन गरिएको श्री थापाले बताउनुभयो। धेरै श्रमिकहरू सही जानकारीको अभावमा सरकारी सुविधाबाट वञ्चित रहेको उल्लेख गर्दै, पंजीकरण, कार्ड निर्माण, दस्तावेज र अनलाइन प्रक्रिया लगायत व्यवहारिक सहयोग गाउँ–गाउँसम्म पुऱ्याउनुपर्ने आवश्यकता अझ रहेको अनित थापाले बताउनुभयो। उहाँले स्थानीय सीपयुक्त श्रमिकको कमी औँल्याउँदै निर्माण, प्लम्बिङ, इलेक्ट्रीकल, कृषि लगायतका तालिम सञ्चालन गरे मजदुरको आम्दानी र आत्मसम्मान बढ्ने बताउनुभयो। यसको साथै, संस्थाले

पारदर्शिता र इमानदारिता कायम गर्दै मजदुरबाट अनावश्यक शुल्क नलिनुपर्नेमाथि श्री थापाले जोड दिनुभयो। श्रमिकको जीवन सहज बनाउने प्रत्येक प्रयास समाजका लागि पुण्यको काम हुने पनि श्री अनित थापाले बताउनुभएको छ।

**हिल म्याराथन**

दार्जिलिङ हिल म्याराथन २०२५ आज सम्पन्न भएको छ। दार्जिलिङ पुलिस अनि जीटिएको संयुक्त तत्वावधानमा आयोजित यस प्रतिष्ठित म्याराथनको आधिकारिक साझेदारको रूपमा यस वर्ष मणिपाल हस्पिटल्स जोडिएको छ। दार्जिलिङ पुलिसको कम्युनिटी पोलिसिङ कार्यक्रम अन्तर्गत आयोजना हुने यस वर्षको म्याराथनले D_RUN भन्ने प्रेरणादायी नारालाई आत्मसात गरेको छ, जसले दृढ संकल्प, अनुशासन र अगाडि बढ्ने इच्छा शक्तिलाई दर्शाउँदछ। दार्जीलिङ्ग हिल म्यारथन अन्तर्गत १० किलोमिटर अनि २१ किलोमिटर दौड प्रतियोगिता आयोजन गरिएको थियो। २१ किलोमिटर खुला वर्गमा प्रथम हुने धावकलाई १ लाख २५ हजार, दोस्रो हुनेलाई ७५ हजार अनि तेस्रो हुने धावकलाई ५० हजार नकद राशि प्रदान गरिएको छ। यस्तै प्रकारले १० किलोमिटर खुला वर्गमा प्रथम हुने धावकलाई ५० हजार, दोस्रो हुनेलाई २५ हजार अनि तेस्रो हुनेलाई १५ हजार रुपियाँ पुरस्कार स्वरुप प्रदान गरिएको छ।

**एसआईआर**

एसआईआर अन्तर्गत दार्जीलिंग जिल्लाको ५ वटा विधानसभा क्षेत्रहरूमा फारम र डाटाको डिजिटलीकरण गर्ने काम लगभग पुरा गरिएको जानकारी प्राप्त भएको छ। सुत्र अनुसार जिल्लाको पाँच विधानासभा मध्ये दार्जीलिंग विधानसभामा लगभग ९०% खरसाङमा लगभग ९३% मतिगढा-नक्सलबारीमा लगभग ९०%,सिलगढीमा लगभग ८७% तथा फाँसीदेवा क्षेत्रमा लगभग ९३% कार्य पुरा गरिएको थाहा लागेको छ। यस्तै प्रकारले जिल्लाको विभिन्न विधानसभा क्षेत्रहरुमा केही प्रतिशत मृत्यु एव स्तान्तरन भएकोले के कति मानिसहरु SIR मा अयोग्य हुने, त्यसबारेमा स्पष्ट नभएको थाहा लागेको छ।

**जलपाईगुडी सर्किट बेन्च**

कलकत्ता उच्च न्यायालयको जलपाईगुडी सर्किट बेन्चको स्थायी भवनको उद्घाटन आगामी वर्ष १७ जनवरीको दिन हुनेछ। जिल्ला प्रशासनले यसको तयारी सुरु गरेको छ। उल्लेखनीय छ २०१९ देखि सर्किट बेन्च स्टेशन रोडमा अवस्थित अस्थायी भवनमा सञ्चालनमा थियो। अब शहरको छेउमा रहेको पहाडपुर क्षेत्रमा लगभग ४० एकड जमिनमा बनेको भव्य स्थायी भवनको उद्घाटन हुन लागेको छ। उद्घाटन समारोहमा सर्वोच्च न्यायालयका मुख्य न्यायाधीश, धेरै उच्च न्यायालयका मुख्य न्यायाधीशहरू र विशिष्ट अतिथिहरू उपस्थित हुने सम्भावना रहेको छ।

**गाड़ी तोड़फोड़**

पहाडमा सवारी साधन तोडफोडको अर्को घटना अघि आएको छ। हिज अबेर राती लेबोङ क्षेत्रमा पर्यटकहरुलाई लिएर गएको चारवटा समतल क्षेत्रका गाड़ीहरुमा अज्ञात व्यक्तिहरूले तोडफोड गरेका छन्। यस घटनालाई लिएर गाड़ी चालकहरूले दार्जीलिङ सदर थानामा लिखित शिकायत दर्ता गरेका छन्। यस घटनाले समतल यातायात र पर्यटन व्यवसायमा व्यापक आक्रोश फैलाएको छ। स्थानीय चालकहरूले विगत केही दिनदेखि समतल क्षेत्रका सवारी साधनहरूलाई पहाडी पर्यटकीय स्थलहरूमा जानबाट रोक्ने माग गर्दै विरोध प्रदर्शन गरिरहेको बताइएको छ। टाइगर हिल, सिटोङ, रक गार्डेन र लामा हाटा जस्ता प्रमुख पर्यटकीय स्थलहरूबाट समतल क्षेत्रका सवारी साधनहरू रोकिएको थियो। दार्जीलिङ जिल्ला प्रशासनले हालै यस विषयमा बैठक गरेको थियो, जहाँ सबै पहाडी र समतल क्षेत्रका सवारी साधनहरूलाई सबै स्थानमा सञ्चालन गर्न अनुमति दिइने स्पष्ट रूपमा भनिएको थियो।

**युवक-अग्नीअस्त्र**

मतिगढा पुलिस थानाले हिज शनिवार राती छापा मार्ने क्रममा बन्दुक बोकेका एक युवकलाई पक्राउ गरेको छ। पक्राउ परेका युवक दार्जीलिङ जिल्लाको जोरबुङ्गलो क्षेत्रका निवासी रहेको बताइएको छ। पुलिस सुत्र अनुसार, गुप्त सूचनाको आधारमा हिजो राति मतिगढा यातायात नगर पार्किङ क्षेत्रमा छापा मारिएको थियो। छापा मार्ने क्रममा शंकास्पद रूपमा घुमिरहेका युवकलाई पक्राउ गरिएको थियो। जाँच गर्ने क्रममा युवकबाट एउटा पेस्तोल र दुई राउन्ड कारतूस जफ्त गरिएको छ जसपछि युवकलाई घटनास्थलबाटै पक्राउ गरिएको छ।

**अमरूत पानी परियोजना**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर 6 मा अमरूत 2.0 पानीको परियोजना विषय लिएर सभा सम्पन्न गरियो। भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा वार्ड नम्बर 6 को सभापति कृष्ण शर्माको अध्यक्षतामा सम्पन्न सभामा वार्डका मूल सचिव सञ्जय मुखियाले सञ्चालन गरेका थिए। जीटीए मुख्य कार्यपाल अनित थापाको परामर्श र दिशा निर्देश अनुसार प्रत्येक वार्डमा अमरूत 2.0 पिउने पानीको परियोजनालाई नियमबध्द रूपमा परिचालन गर्न पानी निरीक्षण समिति गठन गर्न सभा सम्पन्न गरियो। सभामा वार्डभित्रका समाजका प्रतिनिधिगण अनि पार्टीको प्रतिनिधिहरू उपस्थित थिए।

**बंगाल मौसम**

मौसम विभागले दार्जिलिंग पार्वतीय क्षेत्रमा बिहान एवं बेलुकीको समयमा जाड़ो हुने अनि दिनको समयमा घाम लागिरहने तथा आकाश सफा रहने अनुमान व्यक्त गरेको छ। यहां दिनको अधिकतम तापमान लगभग 19 डिग्री सेल्सियस अनि रातीको न्यूनतम तापमान 9 डिग्री सेल्सियस रहने अनुमान पनि व्यक्त गरेको छ। विभाग अनुसार दार्जीलिङ्ग पहाड़मा बिहानको समय जाड़ोको साथमा हल्का बादल पनि लाग्न सक्नेछ। वर्षाको अनुमान नरहेको बताउँदै विभागले मौसम पूर्ण रुपले शुष्क रहने पनि बताएको छ। दार्जिलिंगमा मौसम अनुकूल रहनको कारण पर्यटन गतिविधिहरुलाई बढ़ावा प्राप्त हुनेछ। दार्जिलिंग घूम्न आएका पर्यटकहरुले सफा आकाश अनि चिसो हावाको आनंद उठाउन सक्नेछन्।

****** ० ******